# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, पुस ११ गते, २०८१ साल (संख्या ४३

## भाग ३

### नेपाल सरकार

### स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको

### सूचना

**भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८१**

भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) आदेश, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आदेशको नाम "भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८१" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) आदेश, २०७७ को दफा ११ मा संशोधनः</u>**

भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) आदेश, २०७७ को दफा ११ को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) सम्वत् २०७७ साल पौष ६ गते भन्दा अघि कायम रहेको भक्तपुर क्यान्सर अस्पतालमा स्थायी नियुक्ति पाई कार्यरत कर्मचारीहरु समितिको सोही सेवा, तह र पदमा स्वतः कायम रहने छन् र करारका कर्मचारीलाई आवश्यकता र औचित्यताको आधारमा समितिले करार सेवामा राख्न सक्नेछ।"

**आज्ञाले,**
**हरिप्रसाद मैनाली**
**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।